तिलोत्तमा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मिति २०८२ साल जेठ ३१ गते तिलोत्तमा नगरपालिकाका नगर प्रमुख श्री रामकृष्ण खाणज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी निम्नानुसारका निर्णयहरु गरियो ।

| क्र.स. | पद दर्जा | पदाधिकारीको नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर कार्यपालिका अध्यक्ष | नगर-प्रमुख श्री रामकृष्ण खाण | |
| २. | नगर कार्यपालिका सदस्य | उप-प्रमुख, श्री जगेश्वर देवी चौधरी | |
| ३. | नगर कार्यपालिका सदस्य | श्री फर्शुराम गिरी | |
| ४. | नगर कार्यपालिका सदस्य | श्री डिल बहादुर भट्टराई | |
| ५. | नगर कार्यपालिका सदस्य | श्री कल्याण प्रसाद पौडेल | |
| ६. | नगर कार्यपालिका सदस्य | श्री हरि बहादुर क्षेत्री | |
| ७. | नगर कार्यपालिका सदस्य | श्री रमेश डुम्रे | |
| ८. | नगर कार्यपालिका सदस्य | श्री गणेश पाठक | |
| ९. | नगर कार्यपालिका सदस्य | श्री देवी प्रसाद पंगेनी | |
| १०. | नगर कार्यपालिका सदस्य | श्री कृष्ण प्रसाद पौडेल | |
| ११. | नगर कार्यपालिका सदस्य | श्री ध्रुव न्यौपाने | |
| १२. | नगर कार्यपालिका सदस्य | श्री गोपाल प्रसाद घिमिरे | |
| १३. | नगर कार्यपालिका सदस्य | श्री विष्णु बहादुर बराल क्षेत्री | |
| १४. | नगर कार्यपालिका सदस्य | श्री सहदेव थारु | |
| १५. | नगर कार्यपालिका सदस्य | श्री नारायण ढकाल | |
| १६. | नगर कार्यपालिका सदस्य | श्री अश्विन पौडेल | |
| १७. | नगर कार्यपालिका सदस्य | श्री खेमराज गुरुङ्ग | |
| १८. | नगर कार्यपालिका सदस्य | श्री झविलाल भुसाल | |
| १९. | नगर कार्यपालिका सदस्य | श्री दान बहादुर चौधरी | |
| २०. | नगर कार्यपालिका सदस्य | श्री सुरेन्द्र श्री | |
| २१. | नगर कार्यपालिका सदस्य | श्री राधा शाही | |
| २२. | नगर कार्यपालिका सदस्य | श्री लक्ष्मी घिले | |
| २३. | नगर कार्यपालिका सदस्य | श्री रवि सेन्चुरी | |
| २४. | नगर कार्यपालिका सदस्य | श्री नर बहादुर छन्तेल | |
| २५. | नगर कार्यपालिका सदस्य | श्री तारा सुनार | |
| २६. | नगर कार्यपालिका सदस्य | श्री सावित्रा पन्थी आचार्य | |
| २७. | नगर कार्यपालिका सदस्य | श्री देवकी चौधरी | |
| २८. | सचिव | श्री नारायण अर्याल | |

CamScanner

तिलोत्तमा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कार्यपालिका बैठक संख्या: १३/२०[illegible]२ (१७६) मिति:२०८२/०२/३१ गते ।

<u>प्रस्तावहरु:</u>

१. जग्गाको न्यूनत्तम मूल्य निर्धारण सम्बन्धमा ।

२. औद्योगिक ग्रामको वातावरणीय प्रभाव मूल्यांकन (EIA) म्याद थप तथा भुक्तानी सम्बन्धमा ।

३. प्रधानमन्त्री रोजगार कार्यक्रमको बजेटको निर्णय अनुमोदन सम्बन्धमा ।

४. युवामैत्री स्थानीय शासन निर्देशक समितिको निर्णयहरु अनुमोदन सम्बन्धमा ।

रामकृष्ण खाण

नगर प्रमुख

मिति २०८२।०२।३१ गतेको कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं.-१

श्री मालपोत कार्यालय, बुटवलको प.स०८१/०८२ च.न. ११४६८ मिति २०८२/०२/१६। को पत्रबाट तिलोत्तमा नगरपालिकाको आ.व. २०८२/८३ को लागि जग्गाको न्यूनतम मूल्याङ्कन पठाउन पत्राचार भएकोमा तिलोत्तमा नगरपालिका अन्तरगतका सम्पुर्ण जग्गाहरुको मूल्याङ्कन आ.व. २०८१/८२ कै यथावत कायम गरी श्री मालपोत कार्यालय वुटवल र श्री मालपोत कार्यालय भैरहवालाई पत्राचार गर्ने निर्णय गरियो।

निर्णय नं.-२

तिलोत्तमा नगरपालिका वडा नं १० सग्रहवामा निर्माणाधिन औधोगिकग्राम को वातावरणीय प्रभाव मूल्याङ्कन (Environment Impact Assessment, EIA) तयार गर्नका लागि मिति २०७८/१२/११ श्री युनिभर्सल इञ्जिनियरिङ्ग कन्सल्ट एण्ड विल्डर्स संग सम्झौता भएकोमा उक्त परामर्शदाता संस्था ले वातावरणीय प्रभाव मूल्यङ्कन प्रतिवेदन तयार पारि स्वीकृतका लागि लुम्विनी प्रदेश वन तथा वातावरण मन्त्रालयमा पेश गरेको तर उल्लेखित मन्त्रालयवाट निर्धारित समयमा उक्त प्रतिवेदन स्वीकृत नभएकोले परामर्शदाता श्री युनिभर्सल इञ्जिनियरिङ्ग कन्सल्ट एण्ड विल्डर्स को संझौता वमोजिम को म्याद सकिन गई तिलोत्तमा नगरपालिका नगर कार्यपालिका का बैठक मिति २०७९/०७/०६ गतेको निर्णय बाट मिति २०७९/१२/११ गतेसम्मको लागि म्याद थप भएकोमा लुम्विनी प्रदेश वन तथा वातावरण मन्त्रालयको प.स.२०८१/०८२ च.न१४७७ मिति२०८२/०२/२१ गतेको पत्रवाट वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत भएको पत्र प्राप्त भएको र सोही आधारमा परामर्शदाता संस्था श्री युनिभर्सल इञ्जिनियरिङ्ग कन्सल्ट एण्ड विल्डर्सले वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारी वापतको रकम संझौता वमोजिम संझौताको म्याद समेत थप गरी माग गरेकोले लुम्विनी प्रदेश वन तथा वातावरण मन्त्रालयको प्रकृयाको कारण प्रतिवेदन समय सिमा भित्र प्राप्त हुन नसकेकोले उक्त परामर्श दाताको कार्यालय संगको संझौता को म्याद २०८२ आषाढ मसान्त सम्म थप गरी संझौता वमोजिमको रकम भुक्तानी गर्ने र उल्लेखित वातावरणीय प्रभाव मुल्याङ्कन प्रतिवेदन स्वीकृत गरी सोही आधारमा औधौगिक ग्रामको निर्माण कार्य समेत अघि वढाउने निर्णय गरीयो।

रामकृष्ण खाण
नगर प्रमुख

निर्णय नं.-३

रोजगार सेवा केन्द्र तिलोत्तमा नगरपालिकावाट तिलोत्तमा नगरपालिकाको आ.व.२०८१/८२ को वार्षिक नगर विकास योजनाको ब.शी.न ४०५०·(१) सम्पदा संरक्षण कार्यक्रम (प्रधानमन्त्री रोजगार कार्यक्रम साझेदारी) शिर्षकको रु. १०,००,०००/- र ४०५० (३) प्रधानमन्त्री रोजगार कार्यक्रमसंग सहकार्य र साझेदारी शिर्षकको रकम रु. १०,००,०००/- (अक्षरुपी दश लाख) मध्येबाट पेश भए अनुसारको बजेट वर्गिकरण नगर प्रमुखस्तरीय निर्णयवाट मिति २०८२/०१/२४ गते स्वीकृत भएकोमा उल्लेखित निर्णयवाट स्विकृत भएको देहाय वमोजिमको वजेट वर्गिकरण सर्मथन गर्ने निर्णय गरियो।

देहायः

१.सम्पदा संरक्षण कार्यक्रम (प्रधानमन्त्री रोजगार कार्यक्रम साझेदारी)

| क सं. | आयोजनाको विवरण | विनियोजित रकम |
|---|---|---|
| १ | दुर्गा मन्दिर र चौपारी संरक्षण तथा व्यवस्थापन, वडा नं. ८ | ३,००,०००.०० |
| २ | दुर्गा मन्दिर संरक्षण सहनशील टोल मन्दिर संरक्षण वडा नं १० | ४,००,०००.०० |
| ३ | राम जानकी मन्दिर संरक्षण वडा नं १२ | ३,००,०००.०० |
| | जम्मा रकम | १०,००,०००.०० |

प्रधानमन्त्री रोजगार कार्यक्रमसंग सहकार्य र साझेदारी

| क सं. | आयोजनाको विवरण | विनियोजित रकम |
|---|---|---|
| १ | नगरपालिका प्रशासनिक भवन दक्षिण तर्फको सार्वजनिक क्षेत्र संरक्षण पार्क निर्माण | २,००,०००.०० |
| २ | रोजगार रणनीति निर्माण | ३,५०,०००.०० |
| ३ | आयोजना अनुगमन, व्यवस्थापन तथा अन्य खर्च | २,००,०००.०० |

रामकृष्ण खाण
नगर प्रमुख

CamScanner

| | | |
|---|---|---|
| ४ | रोजगार संबाद मञ्च सञ्चालन | ५०,०००.०० |
| ५ | श्रम बजार सर्वेक्षण तथा सेवा आवश्यकता सर्वेक्षण | २,००,०००.०० |
| जम्मा रकम | | १०,००,०००.०० |

निर्णय नं.-४

तिलोत्तमा नगरपालिका नगर प्रमुख श्री रामकृष्ण खाणज्यूको संयोजकत्वमा गठित युवामैत्री स्थानीय शासन निर्देशक समितिको मिति २०८२/०१/२८ गते बसेको बैठकका देहायका निर्णयहरु अनुमोदन गरियो ।

देहायः

निर्णय नं.-१

१.क) तिलोत्तमा नगरपालिकाको युवा नीति, २०८२ स्वीकृत गरी नगर कार्यपालिकाको बैठकमा अनुमोदनका लागि पेश गर्ने ।

१.ख) तिलोत्तमा नगरपालिकाको युवामैत्री आचारसंहिता, २०८२ स्वीकृत गरी नगर कार्यपालिकाको बैठकमा अनुमोदनका लागि पेश गर्ने ।

रामकृष्ण खाण
नगर प्रमुख